गण्डकी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय तनहुँ

दमौली तनहुँ

प.सं. (Ref.No.) :- ०८३/०८४
चलानी नं.

सूचना नं.: १

आर्थिक राष्ट्रिय दैनिकमा दोस्रो पटक प्रकाशित मितिः २०८३/०४/२९

**डाँकबढाबढ (लिलाम) बिक्री सम्बन्धी सूचना**

डिभिजन वन कार्यालय, तनहुँको मिति २०८३।०४।०७ को आदेशबमोजिम जंगली यार्सागुम्बा अवैध ओसारपसार सम्बन्धी मुद्दामा जफत भएको वन पैदावारलाई वन ऐन, २०७६ को दफा ६५ तथा प्रचलित कानूनबमोजिम डाँकबढाबढ (लिलाम) प्रक्रियामार्फत बिक्री गर्नुपर्ने भएकोले इच्छुक नेपाली नागरिक, फर्म, कम्पनी तथा संस्थाहरूलाई यस दास्रो पटक प्रकाशित १५ दिने सूचनाको मितिले मिति २०८३।०५।१५ गते देहायका शर्तहरूको अधीनमा रही डाँकबढाबढ (लिलाम) प्रक्रियामा सहभागी हुन यो सूचना प्रकाशित गरिएको छ।

१. लिलाम हुने वन पैदावार

| क्र.सं. | वन पैदावारको विवरण | परिमाण | न्यूनतम कबोल रकम |
|---|---|---|---|
| १ | जंगली यार्सागुम्बा | ७३१.०६ ग्राम | रु. २२,६३३।- |

२. डाँक लिलाम बढाबढ हुने स्थान मिति र समयः-

(क) स्थानः- डिभिजन वन कार्यालय तनहुँ, दमौली

(ख) मिति र समयः- २०८३/०५/१५ गते दिउसो १२ः ०० बजे

(ग) तोकिएको दिन सार्वजनिक बिदा पर्न गएमा त्यस पछिको कार्यालय खोल्ने दिनमा माथि उल्लेखित समयमा हुनेछ ।

३. डाँक बढाबढ प्रक्रियामा भाग लिन इच्छुक नेपाली नागरिक, फर्म, कम्पनी वा संस्थाहरूबाट नेपाली नागरिकताको प्रमाण-पत्र, फर्म दर्ता तथा नविकरणको प्रमाण-पत्र, मूल्य अभिबृद्धि कर/ स्थायी लेखा नम्वर दर्ताको प्रमाण-पत्र, करचुक्ता प्रमाण-पत्र र निवेदन साथ रु. १०/- को टिकट टाँस गरी मिति २०८१/०५/१५ गते दिउसो ११:०० बजे भित्र निवेदन पेश गर्नु पर्नेछ । डाँक बढाबढ न्यूनतम मूल्यबाट शुरु हुनेछ ।

४. लिलाम सकार गर्न डाँक बढाबढ प्रक्रियामा भाग लिने सबैले डाँक बोल्नु पूर्व न्यूनतम मूल्यको १० प्रतिशतले हुने रकम नगद धरौटी राख्नु पर्नेछ । डाँक अंक बढ्दै गएमा सोही अनुपातमा धरौटी रकम थप गर्दै जानु पर्नेछ ।

५. लिलाम स्वीकृत गर्ने वा नगर्ने अधिकार अधिकार प्राप्त अधिकारीमा निहित रहने छ ।

६. लिलाम हुने वन पैदावार हाल रहेको अवस्थामै बिक्री गरिनेछ। इच्छुक व्यक्तिले कार्यालय समयभित्र कार्यालयमा उपस्थित भई निरीक्षण गर्न सक्नेछन्। ।

७. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको ७ दिन भित्र सकार गरेको रकम, मूल्य अभिबृद्धि कर, अग्रिम आयकर र प्रदेश सेवा शुल्क बुझाई सकार गरेको वन पैदावार उठाई लैजान पर्ने छ ।

८. अन्य कुरा प्रचलित कानुन बमोजिम हुनेछ

डिभिजनल वन अधिकृत